।।श्री।।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र सङ्ख्या, मिति र मु.नं. समेत उल्लेख गर्नुहोला।

# सङ्खुवासभा जिल्ला अदालत

## चैनपुर

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np

पत्र संख्याः २०७६/०७७ (प्रशासन शाखा) १ नं. प्रदेश (नेपाल)

चलानी नम्बरः मिति २०७७/०४/०५

### विषयः मेलमिलापकर्ताको रूपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना

उपर्युक्त विषयमा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रूपमा सूचीकृत हुन निवेदन माग गर्नुका साथै मेलमिलाप केन्द्रमा सूचीकृत रहेका मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नुपर्ने हुँदा यस अदालतमा मेलमिलापकर्ताको रूपमा आफ्नो नाम सूचीकृत भएका मेलमिलापकर्ताहरू र नयाँ तालिम प्राप्त सूचीकृत हुन चाहने मेलमिलापकर्ताहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आ.व. २०७७/०७८ का लागि मेलमिलापकर्ताको सूची अद्यावधिक गर्न विवरणसहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**निवेदनसाथ अनिवार्य रूपमा पेस गर्नुपर्ने कागजातहरूः-**

१. मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि।
५. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि।
६. मेलमिलापकर्ताको हालसालै खिचेको पासपोर्ट साइजको फोटो-२ प्रति।

२०७७/०४/०५

..........................
डिल्लीराम प्रसाई
स्रेस्तेदार (शा.अ.)